# SOCIETY BOOKS

SOCIETY BOOKS

ESTD. 2007

# CATALOGUE 2023

## प्रकाशन तालिका ०८०/८१

नेपालमा स्तरीय छापाखानाहरू उपलब्ध छन् ।
नेपालमा पनि विश्वस्तरीय लेखक, सर्जक र श्रष्ठाहरू छन् ।
देशका लेखक, सर्जक र स्रष्ठाहरूलाई उच्च स्तरको प्रकाशनको अवसर दिँदै
नेपालको प्रकाशन व्यवसायलाई विदेशमा समेत निर्यात गर्ने उद्देश्यमा सोसाइटी बुक्स् स्थापित भएको हो ।
विभिन्न सर्जक श्रष्ठाको कृतिलाई विश्वका अन्य भाषाहरूमा पनि उपलब्ध गर्ने गराउने हाम्रो उदेश्य रहेको छ ।

**Our Publishing Focus Areas**

**FICTION, NON-FICTION, ARTS, CULTURE, ACADEMIC**

www.kathmandu.societybooks.org

पुस्तक लेखौं । पुस्तक पढौं । पुस्तक किनौं ।
पुस्तकमा रमाऔं । सभ्य, सक्षम र विकसित बनौं ।

# सोसाइटी बुक्स्

जुन समाजमा पुस्तकहरू अधिक पढिन्छन्, त्यस्तो समाज प्राकृतिक तवरले विकासको गतिमा होमिने गर्दारहेछन् । देवकोटाले भनेथे नेपालमा जताततै होनहार मानिस छन् । तर अशिक्षित छन् । न्यूटन र आइन्सटाइन हुन सक्दासक्दै पनि वेप्रगति र दु:खी छन् । यसो हुनुमा मानिसले पुस्तक नपढिदिनु पनि एक मुख्य कारण हो ।


यहाँको समाजले पुस्तक पनि जीवनयापनको एक विशेष माध्यम हो भन्ने ठान्ने गरेका देखिएको पाँइदैन ।

हामी नेपालमा भएका स्तरीय लेखक सर्जकका गहिरा कामलाई विश्वभर छर्ने प्रयास गर्दैछौं । साथै विश्वभरका लेखक, सर्जक तथा वौद्धिक वर्गलाई पनि नेपालमा ल्याएर लेखन, सम्पादन, डिजाइन र छपान गर्न उत्प्रेरित गराई देशमा प्रकाशन सम्बन्धि व्यवसायलाई उच्च स्तरको रोजगारी सिर्जना गर्ने उद्योगका रूपमा स्थापित भएको देख्न चाहन्छौं । साथै पुस्तक प्रकाशन व्यवसायलाई विदेशी मुद्रा आर्जन गर्ने पेशा बनाउनतर्फ काम गर्न हामी सबै व्यवसायीसँग हातेमालो गर्न अनुरोध गर्दछौं ।

नेपाल जस्तो सुन्दर, मनोरम र प्राकृतिक वरदानले भरिपूर्ण देशमा पुस्तक प्रकाशन गर्ने सबैखाले स्वदेशी र विदेशी व्यवसायिक वर्गलाई यहाँ निमन्त्रणा गर्दछौं । व्यापार र यसका वृद्धिका विविध पक्षहरूलाई अन्तर्राष्ट्रिय स्तरमा विकास भएको देख्न चाहन्छौं । यसो हुँदा सिर्जनाका यस क्षेत्रले देशमा रोजगारी आदिको विकास गरेको/गराएको देख्न भोग्न चाहन्छौ ।

यी सबै यावत विषयहरूमा तपाँईहरूसँग सहकार्य गर्ने भनेर हामीले सोसाइटी बुक्सलाई काठमाडौंमा पनि स्थापित गराएका हौं । हामी यहाँहरूसँग आगामी लामो अवधिसम्म सहकार्य गर्न उद्यत रहेका छौं । धन्यवाद् ।

— ***संस्थापक***




## यात्राहरू
# नारायण गोपालका

स्वरसम्राट नारायण गोपालले करिब २०० भन्दा बढी कालजयी गीतहरू गाउनुभयो। ती आजसम्म पनि त्यतिकै मधुर, कर्णप्रिय र आन्नदायी लाग्दछन्। वि.सं. २०४७ मंसिर १९ गते उहाँको स्वर्गवास भयो। ५०/५१ वर्षको उमेरमा भएको उहाँको असामयिक निधनले सारा देशवासी र संगीत क्षेत्रलाई स्तब्ध बनाएको थियो। उहाँको रिक्ततालाई आज पर्यन्त सबैबाट महसुस गरिएको पाइन्छ।

२०४८ सालमा उहाँको सम्मानमा यो पुस्तक पहिलो चोटि प्रकाशन भएको थियो। प्रकाशक रत्न पुस्तक भण्डारको प्रकाशन इतिहासमा यस पुस्तकले विषेश कीर्तिमान कायम गरेको थियो। स्व. नारायण गोपालको योगदानलाई निरन्तर कदर गर्न र पछिका पुस्तालाई पनि उपयोगिता र महत्व हुने भएको कारणले गर्दा पनि यस पुस्तकलाई पुनः प्रकाशन गरिएको छ।

कृति : यात्राहरू नारायण गोपालका
विधा : जीवनी/गुञ्जित गीति संगालो
लेखक : होम परिवाग
प्रथम प्रकाशक : रत्न पुस्तक भण्डार,
प्रथम संस्करण : जेष्ठ, २०४८
(प्रति: ३०००)
दोश्रो संस्करण : भाद्र, २०४८
(प्रति: ३०००)
अरू संस्करण : २०४८-२०५३
(प्रति: ५०,०००)
अद्यावधिक प्रकाशक : सोसाइटी बुक्स, नेपाल
नयाँ संस्करण : २०७९ चैत्र,
(प्रति: १०००)
पृष्ठ संख्या : १६०
कभर : पेपरब्याक


ISBN: 978-9937-1-3503-0

**बजार मूल्य : रू. ४९९/-**

थोक वितरक : ३०% (बजार मूल्यको)

***लक्षित ग्राहक:***
**नारायण गोपालका स्वर र संगीतका पारखी। नेपाली गीत संगीत मन पराउने सबै। गीत संगीतका विधार्थी। उमेर समूह २०-७० वर्ष।**

# उपलब्ध : २०७९ (चैत्र)




# याद हराएको मान्छे

नेपालमा २००७ सालमा राणाहरूको क्रुर शासनको अन्त्य भयो । २०१७ मा प्रजातन्त्रको अन्त्यपछि सुरू भएको पञ्चायत कालभरि नेपाली समाज कस्तो थियो भन्नेको विवरणलाई उपन्यासकारले यस उपन्यासमा बडो मार्मिक र अर्थपूर्ण तरिकाले वर्णन गर्नुभएको छ ।

पञ्चायतकालका ती कालखण्डमा नेपाली समाज परिवर्तित् भयो या भएन भन्नेको लेखाजोखा केवल समयले मात्र गर्दछ । तिनका राम्रा र नराम्रा दुवै पक्ष होलान् । तर राम्रो के र कसरी, नराम्रो कसरी र किन भन्नेलाई पनि *याद हराएको मान्छे* उपन्यासले राम्ररी चित्रण गर्दछ । र, सोलाई आजका नवयुवा-युवतीले मनन गर्न अति आवश्यक छ ।

रत्न पुस्तक भण्डारबाट २०५० मा प्रकाशित भएको यस उपन्यासको त्यस संस्करण र अहिलेको यस संस्करणले जम्माजम्मी ३० वर्षजतिको बिताएको रहेछ ।

३० वर्ष पछि आएर यस उपन्यासलाई पुनः प्रकाशन गरिएको छ ।

**कृति** : याद हराएको मान्छे
**विधा** : उपन्यास
**लेखक** : होम परिवाग
**प्रकाशक** : सोसाइटी बुक्स्, नेपाल
**प्रथम संस्करण** : वि.सं. २०५० (र. पु. भ.)
**प्रकाशित प्रति** : ११००
**नयाँ संस्करण** : २०७९, चैत्र
**प्रकाशित प्रति** : १२००
**पृष्ठ संख्या** : ३००
**कभर** : पेपरब्याक

ISBN: 978-9937-1-3519-1

**मूल्य**: रू. ६५०।-
थोक वितरक : ३०% (जम्मा बजार मूल्यको)

***लक्षित ग्राहकः***
**हालका नव युवायुवतीले पढ्नै पर्ने उपन्यास ।**
**कलेज, र विश्वविद्यालयमा उपयोगी ।**
**उमेर समूह २०-५० वर्ष ।**

## उपलब्ध : २०७९ चैत्र


## नेपालमा को के
# ठीक छैनन् (भाग-१)

नेपाली समाज सुध्रिनै सकेको छैन् । विगतका ५० वर्षमा त झन् नेपालको अवस्था अत्यन्त दयनीय भएको पाइन्छ । समाज, देश तथा जनताको जीवनस्तर सुध्रिन्छ कि भनि देशमा कयौं उथलपुथलहरूलाई ल्याइए । ती परिवर्तनहरू राजनीतिक थिए । र तिनले समाजलाई कहिल्यै पनि सुधार्न सकेनन् ।

यसो हुनुमा समाजमा हरेक क्षेत्रमा विद्यमान, विसंगति र अप्ठ्यारापनहरू नै मुख्य रहेका छन् । ती समाजका हरेक तप्का तप्का र प्रत्येक क्षेत्रका मानिसमा पनि विद्यमान रहेका छन् ।

नेपालमा समस्याहरूको जड राजनीतिको मात्र नभई समाजपरक व्यथितिको कारणहरू पनि हुन् भन्ने विषय आदिलाई यस पुस्तकका लेखहरूले उदाहरण सहित प्रस्तुत गर्दछन् । यस पुस्तकले समाजका मुख्य मुख्य सामाजिक र मनोवैज्ञानिक विसंगतिहरूलाई पनि चिरफार गर्न सफल भएको छ ।

देश र समाजको असल परिवर्तनका लागि नबुझी नहुने विषय वस्तुलाई सुझावहरूका साथ आहवान समेत गरी समाधानहरूलाई यस पुस्तकमा प्रस्तुत गरिएका छन् ।






कृति : नेपालमा को-के ठीक छैनन्
विधा : समाजशास्त्र, दर्शन
लेखक : पी. हिमाल
प्रकाशक : सोसाइटी बुक्स्, नेपाल
प्रथम संस्करण : २०८० असार/श्रावण
प्रकाशित प्रति : ११००
पृष्ठ संख्या : ३२०
कभर : पेपरब्याक

ISBN: TBC


**मूल्य : रू. ७००।-**
थोक वितरक : ४०% (जम्मा बजार मूल्यको)

***लक्षित ग्राहक:***
**समाज सुधारमा संलग्न समुहले पढ्नै पर्ने पुस्तक । सबैले मन पराउने छन् । उमेर समूह प्रौढ र चिन्तनशील वर्ग ।**

**उपलब्ध : २०८० असार/श्रावण**




## "हे आमा नेपाल ! यी हुन् तिम्रा सपना "

# घोषणापत्र

नेपालको विकास पैसा र राजनीतिले मात्र सम्भव भएन, र हुनेछैनन् । राजनीति साध्य हो साधन होइन । यो *घोषणापत्र* पुस्तक नेपालमा नीतिगत व्यवस्थापन र योजना तर्जुमा के-के हुन् र तिनका कार्यान्वयन कसरी गर्न सकिन्छ भन्नेको अद्‌भुत श्रोतको रूपमा प्रस्तुत गरिएको दस्तावेज पनि हो ।

देशमा शिक्षा, स्वास्थ्य, उद्योगधन्दा, वातावरण, संस्कृति, कला र उत्पादकत्व तथा अन्तराष्ट्रिय मामलामा देशका सबै जनतालाई संलग्न नगराएसम्म देश र जनता पौरखी, धनी र कर तिर्नसक्ने हुँदैनन् । यी सबै विषयमा काम एकसाथ कसरी गर्न सकिन्छ भन्नेको सिद्धान्तलाई पनि यो पुस्तक प्रस्तुत गर्दछ ।

यस पुस्तकले राजनीतिबाट 'राज'लाई भावनात्मक रूपमा हटाएर 'नीति' मात्रलाई देश र जनताका हितमा कसरी लगाउन सकिन्छ भन्ने उपायलाई सिद्धान्तको रूपमा प्रस्तुत गर्न आह्‌वान गरिएको योजनाहरूको दस्तावेज हो ।

पुस्तकले सबैको हितको उपलब्धता योजना र तिनका नीतिहरू मार्फत् गराएको छ । पुस्तकको विषय र वस्तुलाई नेपालका सबै जनताले अध्ययन गर्न अनिवार्य देखिन्छ ।

**कृति** : घोषणापत्र
**विधा** : राजनीति/योजना
**लेखक** : पी. हिमाल
**प्रकाशक** : सोसाइटी बुक्स्, नेपाल
**संस्करण** : २०८०, वैशाख/जेष्ठ
**प्रकाशित प्रति** : ११००
**पृष्ठ संख्या** : १६२
**कभर** : पेपरब्याक


ISBN: TBC

**मूल्य** : रू. २५०।-
थोक वितरक : ३०% (जम्मा बजार मूल्यको)

***लक्षित ग्राहकः***
**देश र समाजको चिन्तन गर्ने सबैले पढ्नै पर्ने पुस्तक ।**
**राजनीति, समाजसेवा र विकासप्रेमीहरुका लागि ।**
**उमेर समूह २०-७० वर्ष ।**

**उपलब्ध : २०८० वैशाख/जेष्ठ**

# पैगम्वर - खालील जिब्रान





"प्रेमले छोप्न आउन सक्दैन ।
न यो यसको आक्रमणमा पर्छ,
किनकि प्रेम प्रेममै मात्र भरिपूर्ण छ ।"

"तिम्रा वालबच्चा तिम्रा वालबच्चा होइनन् ।
तिनीहरु त जीवनको आफ्नै छोरा र छोरी भएर रहेका हुन् ।"

विश्वविख्यात कवि तथा चित्रकार *खालील जिब्रान* खास रूपमा आध्यात्मिक चिन्तक हुन् । उनलाई ओशो जस्ता धर्म गुरूहरूका पनि गुरू मान्ने गरिन्छ । उनका विश्वप्रसिद्ध कृति **पैगम्वर**लाई नेपाली भाषामा अनुवाद गरी प्रकाशित गरिएको छ ।

*कृति :* पैगम्वर । *विधा :* कविता संग्रह । *अनुवादक :* होम परिवाग । *प्रकाशक :* सोसाइटी बुक्स्, नेपाल ।
प्रकाशित प्रति : ११०० । संस्करण : २०८० श्रावण/भाद्र ।
पृष्ठ संख्या : १६० वा थप । कभर : TBC
ISBN: TBC
**मूल्य** : **रू. ५००**।- थोक वितरक : ३०% (जम्मा बजार मूल्यको)




# रूमीका - १०० कविता

रूमी १३ औ शताब्दीमा मध्यपूर्वमा स्थापित हुनपुगेका एक विश्वप्रसिद्ध विशेष कवि, लेखक तथा आध्यात्मिक चिन्तक हुन् । उनका प्रेम र ईश्वर भक्तिका लेख तथा कविता र प्रवचनहरूलाई संसारभरका पाठकले आज पर्यन्त पनि हृदयदेखि नै मन पराउँदै आएका छन् ।

रूमी जस्ता कविका १०० वटा कवितालाई उच्चस्तरको नेपालीमा अनुवाद गरिएको छ । आध्यात्मवादमा भरोसा गर्ने सबै पाठकहरूलाई यो पुस्तक ग्राह्य हुनजानेछ । संकलनको लागि अति उपयुक्त ।

*कृति :* रूमीका १०० कविता । *विधा :* कविता संग्रह ।
*अनुवादक :* होम परिवाग । *प्रकाशक :* सोसाइटी बुक्स्, नेपाल । प्रकाशित प्रति : ११०० ।
संस्करण : २०८० भाद्र/असोज । पृष्ठ संख्या : १६० वा थप । कभर : पेपर ब्याक ।
ISBN: TBC
**मूल्य** : **रू. ५००**।- थोक वितरक : ३०% (जम्मा बजार मूल्यको)

पुस्तक बेचौँ । व्यापार गरौँ । सफल बनौँ

**वितरण**
**व्यापार सम्पर्क :**

मिरा शर्मा ९८६१६६००७१
*(वितरण व्यवस्थापक)*

प्रतिक्षा श्रेष्ठ ९८४२२१४९९०
*(एकाउन्ट म्यानेजमेन्ट)*


**प्रकाशक**
**सोसाइटी बुक्स्**
(नेपाल बुक्स् प्रा. लि. को एक प्रछाप)
यति प्लाजा, बागबजार-३१,
काठमाडौँ, नेपाल ।
ईमेलः societybooks@gmail.com,
वेबसाइटः kathmandu.societybooks.org